# सुनिलस्मृति गाउँपालिका

# स्थानीय राजपत्र

| खण्ड: ४ | संख्या: १४ | मिति: २०७७।१२।२९ |
|---|---|---|


## भाग-२

# सुनिलस्मृति गाउँपालिकाको विद्युत महशुल राहत सम्बन्धी कार्यविधि, २०७८

**प्रस्तावना**

सुनिलस्मृति गाउँपालिका भित्र रहेका आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, अल्पसङ्ख्यक, सीमान्तीकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका जनता तथा आर्थिक रुपले बिपन्न खस आर्यलाई नेपालको संबिधान बमोजिम सामाजिक न्याय कायम गर्ने तथा सुनिलस्मृति गाउँपालिकालाई समृद्ध र समुन्तत बनाउनका साथै विद्युत महशुल राहत कार्यक्रम सञ्चालन मार्फत गाउँपालिकालाई नागरिक मैत्री बनाउने उद्देश्य सार्थकता दिन विपन्न समुदायलाई न्यूनतम २० युनिटसम्मको मासिक विद्युत महशुल भुक्तानीमा राहत दिन बैज्ञानिक मापदण्ड बनाई लागु गर्न मनासिव

देखिएकाले प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा...ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भिकः** (१) यो कार्यविधिको नाम "सुनिलस्मृति गाउँपालिकाको विद्युत महशुल राहत सम्बन्धी कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "अध्यक्ष” भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(ख) "उपाध्यक्ष" भन्नाले सुनिलस्मृति गाउँपालिकाका उपाध्यक्ष लाई सम्झनु पर्दछ ।

(ग) "लाभग्राही" भन्नाले सुनिलस्मृति गाउँपालिकाबाट विद्युत महशुल रकम राहत प्राप्त गर्ने गाउँपालिका भित्र स्थायी बसोबास भएका व्यक्ति वा परिवारलाई सम्झनु पर्दछ ।

(घ) "गरिब" भन्नाले दैनिक जिविकोपार्जन गर्नको लागि कुनै आम्दानीको स्रोत नभएको बेरोजगार व्यक्ति वा परिवारलाई सम्झनु पर्दछ ।

(ङ) "वडा अध्यक्ष" भन्नाले सुनिल स्मिति गाउँपालिका बडाको अध्यक्षलाई सम्झनु पर्दछ।

(च) "कार्यपालिका” भन्नाले गाउँपालिकाको गाउँ कार्यपालिका लाई सम्झनुपर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वमोजिम गाउँपालिका प्रशासकीय कार्य गर्न नेपाल सरकारबाट खटिएकको कर्मचारी सम्झनु पर्छ ।

(ज) "कार्यालय” भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ र सो शब्दले गाउँपालिका अन्तर्गतका वडा कार्यालय, सेवा केन्द्र, विषयगत शाखा वा निकाय समेतलाई बुझाउने छ ।

(झ) "महशुल" भन्नाले विद्युत उपभोग गरे बापत ग्राहस्थ वर्गको उपभोक्ताले नेपाल विद्युत प्राधिकरणलाई प्रत्येक महिना तिर्नु वा बुझाउनु पर्ने मासिक न्यूनतम शुल्क, डिमाण्ड शुल्क र इनर्जी शुल्कलाई सम्झनु पर्छ ।

(ञ) "प्राधिकरण" भन्नाले नेपाल विद्युत प्राधिकरण सम्झनु पर्छ र सो शब्दले गाउँपालिका कार्यक्षेत्र भएको प्राधिकरण अन्तर्गतको वितरण केन्द्र, सेवा कार्यालय, शाखा र प्रशाखालाई समेत जनाँउनेछ ।

(ट) "उपभोक्ता" उपभोक्ता भन्नाले मासिक २० युनिट वा सो भन्दा कम विद्युत उपभोग गर्ने प्राकृतिक व्यक्ति वा परिवारलाई सम्झनु पर्छ ।

३. **विपन्न् वर्ग विद्युत महशुल राहत कोषः** (१) गाउँपालिका भित्र मासिक २० युनिट वा सो भन्दा कम विद्युत खपत गर्ने घर वा परिवारको विद्युत महशुलमा राहत प्रदान गर्न एक विद्युत महशुल राहत कोष रहने छ ।

(२) गाउँपालिकाले उपदफा (१) अनुसारको कोषमा देहायको व्यवस्था बमोजिमको रकम जम्मा गर्नेछः

(क) गाउँपालिकाले नियमित बजेट विनियोजन गरी कोषमा जम्मा गरेको रकम,

(ख) नेपाल सरकार तथा प्रदेश सरकारबाट राहत कोषमा जम्मा गर्ने गरी प्राप्त रकम,

(ग) गैर सरकारी संस्थाले लक्षित वर्गलाई राहत प्रदान गर्ने गरी प्राप्त रकम,

(घ) गाउँपालिकालाई अन्य राहत सम्बन्धी प्राप्त रकम

(३) गाउँपालिकामा राहत प्रदान गर्ने यस्तै किसिमको अन्य राहत कोष रहेमा कार्यपालिकाको निर्णय अनुसार यस्तो कोष सयूक्त सञ्चालन गर्न सकिनेछ ।

(४) कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

४. **गाउँपालिकाले विद्युत महशुल रकम तिर्नेः** (१) गाउँपालिकाले गाउँपालिका भित्रका मासिक २० युनिट वा सो भन्दा कम विद्युत खपत गर्ने ग्राहस्थ वर्‌गको ग्राहक घर तथा परिवारको विद्युत मशहुल मासिक वा त्रैमासिक रूपमा  भुक्तानी गरिदिनेछ ।

(२) उपदफा (१) बमोजिम महशुल भुक्तानी गर्दा नेपाल सरकार वा प्रदेश सरकारले कुनै मापदण्ड बनाई निश्चित विद्युत खपतसम्मको ग्राहस्थ वर्गका ग्राहक घर तथा परिवारको महशुलमा छुट, मिनाहा वा राहत मार्फत भुक्तानीको व्यवस्था मिलाएको खण्डमा त्यस्ता वर्ग तथा घर परिवारको लगत कट्टा गरी बाँकी घर परिवारको रकम गाउँपालिकाले प्राधिकरणमा भुक्तानी गरिदिनेछ ।

(३) यस कार्यविधि बमोजिम गाउँपालिकाले महशुल भुक्तानी गरिदिने घर वा परिवारको विवरण प्राधिकरणबाट मासिक वा त्रैमासिक प्राप्त गरे बमोजिम हुनेछ ।

(४) यस कार्यविधि बमोजिमको विद्युत मशहुल गाउँपालिकाले भुक्तानी गर्दा दफा ३ बमोजिमको कोषबाट गर्नुपर्नेछ ।

५. **प्राधिकरणले विवरण दिनु पर्नेः** गाउँपालिका भित्र मासिक २० यनिट वा सो भन्दा कम विद्युत खपत गर्ने ग्राहस्थ वर्‌गका ग्राहक घर तथा परिवारको विवरण प्राधिकरणबाट मासिक वा त्रैमासिक रूपमा पठाउनु पर्नेछ।

(२) प्राधिकरणबाट मासिक वा त्रैमासिक रूपमा प्राप्त विवरणको आधारमा गाउँपालिकाले प्राधिकरणबाट तोकेको मितिसम्ममा नियमित रूपमा महशुल भुक्तानी गर्नेछ।

(३) प्राधिकरणले गाउँपालिकासँग गरिने समझदारीमा तीन महिनामा मिटर रिडिङ्ग गरी तीन महिनाको खपतलाई औसत

गरी प्रतिमहिना खपत निकाली बिलिङ्ग गरी विद्युत महशुल विवरण पठाउन सक्नेछ।यसरी औसत खपत अङ्क कायम गर्दा देहाय बमोजिम गर्नुपर्नेछः

(क) मिटर रिडिङ्ग हुने महिनासहित विगत २ महिनाको यथार्थ खपत युनिटलाई ३ ले भाग गरी कायम हुने औसत मासिक खपतको आधारमा आगामी २ महिनाको खपत अनुमान गरी ३ महिने विलिङ्ग गर्ने,

(ख) ३ महिने मिटर रिडिङ्ग सुरुवात गर्दा मिटर रिडिङ्ग गर्न लागिएको महिनाको यथार्थ खपत युनिटलाई प्रतिमहिना खपत युनिट अनुमान गरी सोही अनुसार आगामी २ महिनाको खपत समेत समावेश गरी ३ महिने विलिङ्ग गर्ने,

(ग) यसरी (क) र (ख) बमोजिम मिटर रिडिङ्ग तथा विलिङ्ग गर्दा प्रति महिना औसत २० युनिट र तीन महिनाको बढिमा ६० युनिट भन्दा कम विद्युत खपत हुने घर तथा परिवारको मात्र विलिङ्ग गर्ने ।

(४) प्राधिकरणबाट मासिक वा त्रैमासिक रूपमा गाउँपालिकामा पठाउने मासिक वा त्रैमासिक विवरणको ढाँचा अनुसूचि–१ बमोजिमको हुनेछ ।

**६. वडा कार्यालयले विवरण तयार गर्नुपर्नेः** प्रत्यक वडा कार्यालयले आफ्नो वडा भित्रका लाभग्राहीको देहायको विवरण तयार गर्नु पर्नेछ ।

(क) वडा भित्र रहेका जम्मा लाभग्राहीको संख्या,

(ख) आफ्नो वडाभित्र लाभग्राहीको प्राथमिकताको सूचि,

(ग) गैर सरकारी संस्थाको साझेदारीमा विद्युत महशुल राहत दिन सकिने भएमा सोको ढाँचा,

(घ) लाभग्राहीको अन्य आवश्यक विवरण,

७. **विद्युत राहत रकम  भुक्तानी नहुनेः** (१) गाउँपालिका भित्र रहेने प्राधिकरणबाट वर्गीकरण भएका देहायका उपभोक्ताको विद्युत महशुल गाउँपालिकाबाट भुक्तानी हुने छैन।

(क) यातायात क्षेत्रमा उपयोग गर्ने उपभोक्ताले खपत गरेको महशुल,

(ख) व्यापारिक क्षेत्रमा उपयोग गर्ने उपभोक्ताले खपत गरेको महशुल,

(ग) गैर व्यापारिक सरकारी तथा सामुदायिक क्षेत्रमा उपयोग गर्ने उपभोक्ताले खपत गरेको महशुल,

(घ) औद्योगिक क्षेत्रमा उपयोग गर्ने उपभोक्ताले खपत गरेको महशुल,

(ङ) सामुदायिक थोक क्षेत्रमा उपयोग गर्ने उपभोक्ताले खपत गरेको महशुल,

(च) गैर ग्राहस्थ क्षेत्रमा उपयोग गर्ने उपभोक्ताले खपत गरेको महशुल,

(छ) मनोरञ्जन व्यवसाय क्षेत्रमा उपयोग गर्ने उपभोक्ताले खपत गरेको महशुल,

(२) उपदफा (१) तथा यस कार्यविधिमा जुनसुकै प्रावधान राखिएतापनि गाउँपालिका भित्र उपयोग हुने खानेपानी तथा साना सिचाँई आयोजना सञ्चालन गर्न लाग्ने विद्युतको महशुल गाउँपालिकाले भुक्तानी गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम भुक्तानी हुने महशुलमा नेपाल सरकार, प्रदेश सरकार वा प्राधिकरणबाट छुट हुने रकम वा महशुल कट्टा गरी बाँकी हुन आउने रकम मात्र गाउँपालिकाले भुक्तानी गर्नेछ ।

८. **गाउँपालिका स्तरीय निर्देशक समितिः** (१) गाउँपालिकाभित्र रहेका लाभग्राही पहिचान, प्राथमिकिरण गर्न तथा विद्युत महशुल राहत

भुक्तानीमा सहजीकरण गर्न गाउँपालिकामा देहाय बमोजिमको निर्देशक समिति रहने छः

(क) गाउँपालिकाको अध्यक्षः संयोजक

(ख) गाउँपालिकाको उपाध्यक्षः सदस्य

(ग) कार्यपालिकाले तोकेको दुईजना कार्यपालिका सदस्यः सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृतः सदस्य

(ङ) आर्थिक प्रशासन शाखा प्रमुखः सदस्य

(च) योजना शाखा प्रमुखः सदस्य सचिव

(२) संयोजकले आवश्यकता अनुसार विद्युत महशुल भुक्तानीमा राहत साझेदारी गर्ने निकाय, गैर सरकारी संस्था तथा अन्य शाखा प्रमुखलाई समितिमा आमन्त्रण गर्न सक्नेछ,

(३) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) गाउँपालिकाभित्र रहेका सम्भावित लाभग्राहीको संख्या पहिचान गर्ने,

(ख) कार्यक्रम सञ्चालनमा स्रोतको खोजी गर्ने तथा साझेदारीको ढाँचा पहिचान गर्ने,

(ग) कार्यक्रमबाट लाभ प्राप्त गर्ने सेवाग्राहीको प्राथमिकिरण गर्न सहयोग गर्ने,

(घ) विद्युत महशुल भुक्तानीको लागि प्राधिकरणसँग आवश्यक सम्झौता तथा समन्वय गर्ने,

(ङ) विद्युत महशुल राहत भुक्तानीको लागि नेपाल सरकार, प्रदेश सरकार तथा अन्य निकायसँग समन्वय र सहकार्यको गर्ने ।

९. **वडास्तरीय अनुगमन तथा सहजिकरण समितिः** (१) वडाभित्र रहेका लाभग्राही पहिचान, प्राथमिकिरण गर्न तथा महशुल भुक्तानीको

निगरानी गर्न प्रत्येक वडामा देहाय बमोजिमको वडास्तरीय अनुगमन तथा सहजीकरण समिति रहनेछः

(क) वडा अध्यक्षः संयोजक

(ख) वडा समितिका सवै सदस्य सदस्य

(ग) वडा सचिव सचिव

(२) संयोजकले आवश्यकता अनुसार वडामा साझेदारी गर्ने निकाय, गैर सरकारी संस्था तथा अन्य कर्मचारीलाई समितिमा आमन्त्रण गर्न सक्नेछ,

(३) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) वडाभित्र रहेका सम्भावित लाभग्राहीको संख्या पहिचान गर्ने,

(ख) वडाभित्र रहेकाको लाभग्राही प्राथमिकिरण गर्ने,

(ग) भुक्तानी हुने विद्युत महशुल राहत रकमको दुरूपयोग रोक्ने तथा प्रभावकारी रूपमा कार्यक्रमको सञ्चालन गर्न सहजिकरण तथा अनुगमान गर्ने,

(घ) प्राधिकरणको सहयोग तथा गाउँपालिकाको समन्वयमा वडामा लाभ प्राप्त गर्ने उपभोक्ताको विवरण तयार गर्ने

(४) वडा सचिवले वडास्तरीय अनुगमन तथा सहजीकरण समितिको सचिव भइ कार्य गर्नेछ

१०.**अन्य कोषबाट रकम विनियोजन गरी भुक्तानी गर्न सकिनेः** गाउँपालिकामा रहेका अन्य सामाजिक न्याय तथा सामाजिक सुरक्षा प्रदान गर्ने राहत कोष तथा कार्यक्रममा विनियोजन भएको वचत रकम दफा ३ बमोजिमको कोषमा जम्मा गरी विद्युत महशुल भुक्तानी गर्न सकिने छ।

११.**एकीकृत अभिलेख तयार गर्नुपर्नेः** गाउँपालिकाबाट यस कार्यविधि बमोजिम भुक्तानी हुने विद्युत महशुल राहत प्राप्त गर्ने उपभोक्ताको विवरण सम्बन्धित वडाको समन्वय र सहकार्यमा वडागत रूपमा राख्नु पर्नेछ।

१२.**विवरण सार्वजनिक गर्नुपर्नेः** कोषबाट भएको खर्चको विवरण त्रैमासिक रुपमा वेभसाइट मार्फत सार्वजनिक गर्नुपर्नेछ ।

१३.**यसै कार्यविधि बमोजिम गरेको मानिने:** आ.व. २०७७।७८ मा वडाको उज्यालो कार्यक्रमबाट वडा नं. ४ का लाभग्राहीहरुको भुक्तानी गरिएको विद्युत महसूल रकम यसै कार्यविधि बमोजिम भुक्तानी गरेको मानिने छ ।

१४.**थपघट र हेरफेरः** यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै वाधा अवरोध र अस्पष्टता भएमा त्यस्तो बाधा अड्चन फुकाउने प्रयोजनका लागि कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार ब्याख्या, थपघट, संसोधन वा हेरफेर गर्न सक्नेछ।

# अनुसूचि १

## मासिक २० युनिट वा सो भन्दा कम विद्युत खपत गर्ने उपभोक्ताको विवरण

| क्र.स. | ग्राहकको नाम | मिटर न. | गत महिन /त्रैमासिकको अंक | यस महिन /त्रैमासिकको अंक | मासिक विद्युत खपत युनिट | प्रति युनिट दर | मासिक जम्मा महशुल | अन्य निकायबाट प्राप्त गर्ने छुट महशुल | प्राधिकरणबाट प्राप्त गर्ने छुट वा जरीवाना | बाँकी भुक्तानी हुनुपर्ने महशुल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | |

आज्ञाले
नाम
प्रमुख प्रशासकीय अधिकृत